# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९] काठमाडौं, कार्तिक १ गते २०२६ साल [अतिरिक्ताङ्क ३०


श्री ५ को सरकार

### निर्माण सञ्चार तथा यातायात मन्त्रालयको

### सूचना

विकास समिति ऐन, २०१३ (संशोधन सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो आदेशको नाम "नेपाल दूर सञ्चार समिति (गठन) आदेश, २०२६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः– (१) नेपाल दूर सञ्चार समिति (यस पछि समिति भनिएको) नामको एउटा समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) सचिव, निर्माण, सञ्चार तथा यातायात मन्त्रालय– अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य

(ग) प्रतिनिधि, उद्योग वाणिज्य मन्त्रालय– सदस्य

(घ) प्रतिनिधि, जल तथा विद्युत् मन्त्रालय– सदस्य

(ङ) समितिको मुख्य अधिकृत– सदस्य सचिव

(३) श्री ५ को सरकारले आवश्यक र उचित देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

२६५


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको कोष र आर्थिक कारोबार:– (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सोही कोषबाट व्यहोरिनेछ :–

(क) श्री ५ को सरकारबाट प्राप्त रकमहरू,
(ख) कुनै विदेशी एजेन्सीले श्री ५ को सरकारद्वारा दिएको रकमहरू,
(ग) समितिले प्रदान गरेको सेवा बापत प्राप्त गरेको रकमहरू, र
(घ) समितिले अन्य स्रोतहरूबाट प्राप्त गरेको रकमहरू ।

(२) समितिले आफ्नो कोषको रकमहरू नेपाल राष्ट्र बैंक रहेको ठाउँमा भए सोही बैंकमा र नेपाल राष्ट्र बैंक नरहेको ठाउँमा भए आफूले तोकी दिएको बैंकमा राख्नेछ ।

स्पष्टीकरण:– बैंक भन्नाले बैंकको शाखा, प्रशाखा समेतलाई जनाउँछ ।

(३) समितिले प्रत्येक आर्थिक वर्षको अन्त्यमा अर्को वर्षको निमित्त आफ्नो कारोवारको लागि आवश्यक रकम जगेडा राखी बचत हुनआउने रकम श्री ५ को सरकारको सर्वसञ्चित कोषमा दाखिल गर्नेछ ।

(४) समितिले आफ्नो आय व्ययको लेखा श्री ५ को सरकारद्वारा स्वीकृत ढाँचाको स्रेस्ता प्रणालीमा राख्नेछ ।

४. लेखापरीक्षण:– समितिले आफ्नो आय व्यय तथा स्रेस्ताहरूको लेखापरीक्षण आफूले खटाएको एउटा स्वतन्त्र लेखापरीक्षक फारामबाट समेत गराउनेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार:– (१) दूर सञ्चार विभागले गरिआएको काम समेत नेपाल अधिराज्यभित्र आन्तरिक तथा वैदेशिक दूर सञ्चार (टेलिफोन, टेलिग्राफ आकाशवाणी र यी सम्बन्धी अन्य सहुलियतहरू) सेवाको स्थापना, सञ्चालन र विस्तार गर्ने काम, कर्तव्य र अधिकार यस समितिको हुनेछ ।

(२) समितिको अन्य काम, कर्तव्य र अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

(३) आफ्नो काम कर्तव्य र अधिकारको पालन तथा प्रयोगको लागि समितिले श्री ५ को सरकारको स्वीकृति लिई नियम बनाउन सक्नेछ ।

६. सम्पत्तिको हस्तान्तरण:– दूर सञ्चार विभाग र सो विभाग अन्तरगतका कार्यालयहरूमा रहेका चल वा अचल सम्पत्ति यस समितिलाई हस्तान्तर गरिएको छ ।

७. समितिको निर्णय प्रमाणित गर्ने:– समितिको तर्फबाट गरिने सबै निर्णय आदेश र अन्य सबै काम कारवाई समितिको सचिवको सहिछापद्वारा प्रमाणित गरिनेछ ।

८. समितिको कार्यालय:– समितिको मुख्य कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

२६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।